का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ फागुन २०७९,
सोमबार
27 February 2023,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु



**राष्ट्रपति निर्वाचन**

# एमालेले सम्झिएको सहकार्य

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, १४ फागुन ।

गत पुस १० मा पाँच दलीय गठबन्धन बनाउने निर्णयसँगै बालकोटको बार्दलीबाट सँगै हात हल्लाएर राजनीतिक सहकार्यको सन्देश दिएका प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच दुई महिनामै फाटो आएको छ ।

प्रचण्डले फागुन १२ मा राष्ट्रपति निर्वाचन लक्षित ८ दलीय नयाँ गठबन्धन बनाएपछि ओलीसँगको सम्बन्ध औपचारिक रुपमै टुटेको छ । फागुन १३ मा ८ दलको समर्थनमा नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले राष्ट्रपतिमा उम्मेदवारी दर्ता गराएका छन् । यता पुस १० को सहमति अनुसार भन्दै एमालेले पनि उपाध्यक्ष सुवासचन्द्र नेम्बाङलाई उम्मेदवार बनाएको छ ।

फागुन २५ मा हुने राष्ट्रपति र चैत ३ मा हुने उपराष्ट्रपतिको निर्वाचनको निहूँमा प्रचण्डले एमालेसहित पाँच दलीय गठबन्धनसँगको

– बाँकी पृष्ठ २ मा



विगतमा वाम एकता गरेर पनि जोगाउन नसकेको आरोप खेप्दै आएका एमाले अध्यक्ष ओलीले सुवास नेम्वाङलाई राष्ट्रपतिमा निर्वाचित गर्न आफैंले वाम एकताको कार्ड फ्याँकेका छन् । नेम्वाङ तिनै नेता हुन् जो तत्कालीन नेपाल कम्युनिस्ट पार्टी नेकपाको एकता जोगियोस् भन्नेमा थिए ।



"निर्वाचनमा देखिएको जनादेश कम्युनिस्टहरूबीच एकताको आवश्यकता हो । त्यो बाहेक अर्को बाटो छैन । अब माओवादी पनि बाहिर रहन सक्दैन ।

**योगेश भट्टराई**
सचिव, एमाले

# भोट जोगाउन कार्यदल

गोप्य मतदान हुने भएकाले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा उम्मेदवारहरुले अर्को पक्षको उम्मेदवारलाई मतदान गर्न सक्ने आंकलन र त्रास आठ दलीय गठबन्धनमा रहेका दलहरुमा देखिन्छ । यही आशंका र त्रासका कारण कार्यदल नै बनाएर अगाडि बढ्ने निर्णय भएको हो ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १४ फागुन ।

राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन तयारीका लागि आठ दलीय समीकरणले प्रत्येक दलबाट एक/एकजना सदस्य रहेको कार्यदल गठन गरेका छन् । प्रधानमन्त्री निवास वालुवाटारमा बसेको नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टी र राष्ट्रिय जनमोर्चाले कार्यदल गठन गरेका हुन् ।

कांग्रेस उपसभापति पूर्णबहादुर खड्का नेतृत्वको



*प्रधानमन्त्री निवास बालुवाटारमा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा साझा उम्मेदवार उठाउने सहमति गरेका आठ दलहरुसँगको बैठकमा आइतबार सहभागी हुँदै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड । तस्बिर : प्रदीपराज वन्त/रासस*

कार्यदलमा माओवादी केन्द्रका महासचिव देव गुरुङ, एकीकृत समाजवादीबाट महासचिव बेदुराम भूसाल, जनता समाजवादी पार्टीबाट राजेन्द्र श्रेष्ठ रहेका छन् । जनमत पार्टीबाट अब्दुल खाँ लोकतान्त्रिक समाजवादी पार्टीबाट शरतसिंह भण्डारी, नागरिक उन्मुक्ति पार्टीबाट रञ्जिता श्रेष्ठ र राष्ट्रिय

– बाँकी पृष्ठ २ मा

**मेलम्ची खानेपानी आयोजना**

# ४० प्रतिशत पानी चुहावटमै खेर

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १४ फागुन ।

दुई दशक बढीको लामो प्रयासपछि काठमाडौं आएको मेलम्ची खानेपानी आयोजनाको ४० प्रतिशत पानी चुहावटबाटै खेर गइरहेको तथ्यांकले देखाएको छ। राजधानीवासीको वर्षौंदेखिको खानेपानी समस्या समाधान गर्न सञ्चालन गरिएको महत्वांकक्षी परियोजना मेलम्चीको झण्डै आधा पानी चुहावाटमै खेर गएपछि पानीको समस्या ज्यूँको त्यूँ रहेको अवस्था छ ।

उपत्यकामा अहिले दैनिक साढे ४३ करोड लिटर पानीको माग छ । तर, वर्षौंको प्रयासपछि ल्याइएको मेलम्चीको पानी पनि नियमित छैन । अर्कोतिर वर्षायाममा आएको बाढीका कारण पानी बन्द गर्नुपर्ने अवस्था छ । बाढीपहिरोले थुपारेको लेदोका कारण सबैभन्दा बढी 'हेडवर्क्स'का संरचनामा नै असर गरेको पाइन्छ ।

आज एक ठाउँमा चुहावट देखिएर बनाउँदा अर्को दिन अर्को ठाउँमा समस्या देखिइरहेको छ । कतै सडकमै पाइपमा त कतै घरघरसम्म जाने पाइपमा समस्या देखिरहेको छ ।

**महानन्द जोशी**
सूचना अधिकारी

यस्तै पानी कहिले आउने, नआउने समस्या यथावत छ भने पाइप फुटेर सडक अस्तव्यस्त बन्दै आएको छ । पछिल्ला दिनमा खासगरी लैनचौर-महाराजगञ्ज, महाराजगञ्ज-बालाजु, त्रिपुरेश्वर-कलङ्की, ताहचल-छाउनी, नयाँ सडक, कालीमाटी-कलङ्की सडकका विभिन्न खण्ड, लगनखेल, कुपण्डोल, कुमारीपाटी,

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगारलाई बद्नाम गर्नेहरुबाट सचेत र संगठित हुन आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ फागुन ।

नेकपा एमालेका पोलिटब्युरो सदस्य महेश बस्नेतले समाजको एउटा पक्ष वैदेशिक रोजगार व्यवसायी बेइमान छन् भनी बद्नाम गर्न योजनावद्धरूपमा लागेकाले व्यवसायीहरू त्यसविरुद्ध सचेत र संगठित हुनुपर्ने बताएका छन् । प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालद्वारा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नवनिर्वाचित कार्यसमितिको सम्मानमा आइतबार राजधानीमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वमन्त्रीसमेत रहेका एमाले नेता बस्नेतले उक्त धारणा राखेका हुन् ।

मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिइरहेका वैदेशिक रोजगार व्यवसायीलाई बदनाम गर्न र



वैदेशिक रोजगारमाथि अनेक भ्रम छर्न 'आकाशबाट जाने बाकसमा फर्किने' टुक्का सिर्जना गरेर समाजमा अन्योल सिर्जना गर्ने प्रयास गरिएको भन्दै नेता बस्नेतले समाजसेवी भावनाले काम गरेर त्यसलाई चिर्न सबै व्यवसायी एकै ठाउँमा उभिनुपर्ने सुझाव दिए ।

वैदेशिक रोजगारीमा गएका नेपाली कामदारले डलर भित्र्याउन महत्वपूर्ण भूमिका खेलेकाले उनीहरूको न्यून मूल्यांकन वा अवमूल्यन गर्न नहुने भन्दै बस्नेतले राजनीतिक अस्थिरताका कारणले तत्काल स्वदेशमा रोजगारीको अवसर सिर्जना गर्न नसकिने वर्तमान अवस्थामा वैदेशिक रोजगारको अन्यका लागि भरपर्दा विकल्प नभएको बताए ।

वर्तमान युग नै प्रविधिको युग भएकाले युट्युबरहरूले सक्रियता देखाउने विषयलाई न्यूनीकरण गर्न गाह्रो पर्ने भन्दै नेता बस्नेतले वैदेशिक रोजगार व्यवसायीहरू शुद्धीकरण र

– बाँकी पृष्ठ २ मा

## सम्पादक श्रेष्ठ सम्मानित



**काठमाडौं/मस–** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्चले मध्यान्ह राष्ट्रिय दैनिकलाई सम्मान गरेको छ । आइतबार मञ्चद्वारा आयोजित कार्यक्रममा प्रमुख अतिथि एमाले युवा नेता एवम् पूर्वमन्त्री महेश बस्नेतले मध्यान्हका सम्पादक मदनकुमार श्रेष्ठलाई सम्मानपत्र प्रदान गरे ।

सम्पादक श्रेष्ठलाई मञ्चका संस्थापक अध्यक्ष सरोज

– बाँकी पृष्ठ २ मा

**Romania मा वैदेशिक रोजगारको अवसर**

UMAN CARE RECRUITING

कम्पनी: UMAN CARE RECRUITING S.R.L.
शहर : Romania

पूर्व स्वीकृत मिति: २०७९/११/१२   चलानी नं.: ६०१९७२०४   LT. No.: 281374

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 10 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ७२,६६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 5 | 0 | | 650 | ८५,८७२ | | | | | | | |
| 3. | Factory Worker | 20 | 10 | | 600 | ७९,२६६ | | | | | | | |
| 4. | General Worker | 50 | 10 | | 550 | ७२,६६१ | | | | | | | |
| 5. | Kitchen Helper | 10 | 0 | | 550 | ७२,६६१ | | | | | | | |
| 6. | Waiter | 5 | 0 | | 550 | ७२,६६१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २२ गते (6 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.४०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Global Welfare Hr Solution Pvt. Ltd.**
Govt. Lic. No. 1320/074/075
P.O.Box No.:1166, Samakhusi-26, Kathmandu, Tel: 4970357, 4989246
Mobile : 9803569272, 9803569268, 9803569273
E-mail: info@globalwelfarehr.com, Web.: www.globalwelfarehr.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



## राष्ट्रपति...

सहकार्य एकपक्षीय रुपमा टुंगिएको सन्देश दिएका हुन्। त्यसलगत्तै सत्ता साझेदार दल राप्रपाले त शनिवार नै सरकारबाट बाहिरिने निर्णय गरेर राजिनामा दिइसकिएको छ। यद्यपि एमालेले भने २५ फागुन अघिसम्म सरकारबारे कुनै निर्णय नगर्ने बताएको छ। तर प्रधानमन्त्री प्रचण्डले एमाले सरकारबाट बाहिरिनेमा मानसिक रुपमा आफू तयार रहेको सार्वजनिक रुपमै अभिव्यक्त गरेका छन्।

विकसित राजनीतिक परिदृश्यसँगै सत्ता साझेदर एमाले र माओवादी केन्द्रका शीर्ष नेताहरुबीच आरोप प्रत्यारोप शुरु भएको हो। प्रचण्डले शनिबार आयोजित एउटा सार्वजनिक कार्यक्रममा एमाले अध्यक्ष ओलीले आफूलाई समर्थन गरेको निहूँमा २ महिना अप्ठ्यारो र सकसमा राखेको टिप्पणी गरे। 'ओलीजीसँगको दुई महिने सहकार्यमा मैले तीतो मात्र अनुभव गरेको छु,' प्रचण्डको भनाइ थियो। ओलीले आफूलाई राजनीतिक घेराबन्दीमा राखेको भन्दै प्रचण्डले पछिल्लो गठबन्धनलाई राजनीतिक विद्रोहको नाम अप्रत्यक्ष रुपमा दिएका छन्।

तर राष्ट्रपतिमा सर्वसम्मत भए धेरै राम्रो हुने र त्यसका लागि कोसिस गरिरहेको प्रचण्डको भनाइ छ। आइतबार बारपाक सुलिकोट गाउँपालिकामा भएको 'जनयुद्ध'का प्रथम शहिद दिलबहादुर रम्तेलको स्मृति सभालाई सम्बोधन गर्दै उनले भने, 'आठ राजनीतिक दल एक ठाउँमा भयौं, नेकपा एमालेसँग पनि लगातार कुरा भइरहेको छ। २५ गतेसम्म राष्ट्रपतिमा सर्वसम्मतको कोसिस रहन्छ।'

प्रचण्डको आरोपको जवाफ ओलीले पनि आइतवार सार्वजनिक रुपमै दिएका छन्। आइतबार शहिद तथा घाइते परिवारको सम्मानमा आयोजित कार्यक्रममा उनले प्रचण्डलाई रुखको पातको संज्ञा दिए। प्रचण्डको पछिल्लो निर्णयले उनको राजनीतिक साख धुलोमा मिसिएको ओलीको दाबी छ।

ओलीले प्रचण्डको नाम नलिइकनै भने, 'को झर्यो को झरेन म अहिले भन्न चाहान्नँ। तपाईहरुले देखिरहनुभएको छ, कसरी हल्लिँदै हल्लिँदै भुइँतिर झर्यो।'

पुस १० मा दलहरुलाई एक बनाउन आफूले निकै कसरत गरे पनि सम्भव नभएको ओलीको भनाइ छ। उनले भने,'मैले लेटेस्ट साइन्स टेक्नोलोजीको माध्यमबाट जोड्दा हुन्छ कि भनेर पुस १० गते लगेर जोडिहेरेँ, इन्जेक्सन दिएँ, मल्हम लगाएँ, तर हुँदोरहेनछ। फत्रक्क झर्यो फेरि।'

एमाले अध्यक्ष ओलीले निर्वाचनमा ३२ सिट ल्याएको पार्टीलाई प्रधानमन्त्री दिएको भए पनि यति चाँडै प्रचण्डले राजनीतिक घात गरेको आरोप लगाए। पुस १० को सहमति तोडिएलगत्तै ओली र नेकपा एकीकृत समाजवादीबीचको दुरी भने छोटिने संकेत देखिएको छ। शनिवार नै ओलीले माधवकुमार नेपाललाई औपचारिक पत्र लेखी राष्ट्रपतिमा आफ्ना उम्मेदवार नेम्वाङलाई मत दिन आग्रह गरेका छन्।

यसअघि पार्टीको रुपमा स्वकार्न समेत तयार नरहेका ओलीले औपचारिक पत्र पठाएपछि दुई पार्टीबीच आइसब्रेक भएको छ। एमाले सचिव योगेश भट्टराई भन्छन्-'अहिले पहिलेको जस्तो अवस्था छैन। निर्वाचनमार्फत जनताले स्वीकार गरिसकेको जुनसुकै दलसँग राजनीतिक व्यवहार हुन्छ।'

ओलीले एकीकृत समाजवादीलाई डेढ वर्षपछि राजनीतिक पार्टीका रूपमा सम्बोधन गरेका हुन्। नेता माधव नेपालले २ भदौ २०७८ मा एमालेबाट औपचारिक रूपमा छुट्टिँदै आफ्नै नेतृत्वमा नेकपा एकीकृत समाजवादी पार्टी गठन गरेका थिए। त्यसयता नेकपा एमालेले नेता नेपाल नेतृत्वको पार्टीलाई राजनीतिक पार्टीका रूपमा स्वीकार गर्नुको साटो सर्वोच्च पुगेर रिट निवेदन दिने र लामो समय सदन अवरुद्ध गरेको थियो। एमालेले नेता नेपाल नेतृत्वको पार्टीलाई पार्टीको हैसियत नदिन माग गर्दै सर्वोच्चमा दिएको निवेदन हालसम्म यथावत् छ।

हाल एकीकृत समाजवादीसँग प्रतिनिधि सभामा १० जना सांसद छन्। प्रदेशमा समेत सो पार्टीको उपस्थिति छ। राष्ट्रपतिमा नेम्वाङलाई मत दिन ओलीले नेपालसँग गरेको आग्रसहितको पत्रप्रति एकीकृत समाजवादीले औपचारिक पत्र वा जवाफ भने अझै पठाइसकेको छैन। तर उसका नेताहरुले यसले औपचारिक रूपमा राजनीतिक संवादको ढोका खुलेको टिप्पणी गरेका छन्। तर पार्टी महासचिव डा. बेदुराम भुसालले भने ओलीको पत्रको कुनै अर्थ र महत्व नरहेको प्रतिक्रिया दिएका छन्। उनले भनेका छन्, 'भोट माग्न पत्र लेख्दैमा सहकार्यको आधार बन्दैन। उम्मेदवार भएपछि भोट माग्नु एउटा कुरा भयो, त्यसरी भोट एमालेले अरू पार्टीसँग पनि मागेको छ। फेरि पत्रमा पुस १० को सहमतिअनुसार भनिएको छ, पुस १० को सहमतिमा हामी कतै जोडिएकै छैनौ।'

अर्थात, एमाले अध्यक्ष ओलीले वाम एकताको कार्ड घुमाउरो रुपमा फ्याँकेका छन्। विगतमा वाम एकता गरेर पनि जोगाउन नसकेको आरोप खेप्दै आएका अध्यक्ष ओलीले सुवास नेम्वाङलाई राष्ट्रपतिमा निर्वाचित गर्न यसबेला आफैंले वाम एकताको कार्ड फ्याँकेका हुन्। नेम्वाङ तिनै नेता हुन् जो तत्कालीन नेपाल कम्युनिस्ट पार्टी नेकपाको एकता जोगियोस् भन्नेमा थिए। तर, नेकपा एकता नाम सम्बन्धी विवादमा सर्वोच्च अदालतले नै भंग गरिदिएको थियो।

एमाले सचिव भट्टराई पनि नेपालका सबै वामपन्थी कम्युनिस्टहरूबीच ढिलोचाँडो एकताको विकल्प नरहेको बताउँछन्। उनी भन्छन्, 'निर्वाचनमा देखिएको जनादेश कम्युनिस्टहरूबीच एकताको आवश्यकता हो। नेपालका वामपन्थी शक्तिहरु नेकपा एमालेमा आबद्ध हुने हो, त्यो बाहेक अर्को बाटो छैन। अब माओवादी पनि बाहिर रहन सक्दैन।'

## भोट...

जनमोर्चाबाट चित्रबहादुर केसी रहेका छन्।

जनमत पार्टीका नेता तथा मन्त्री अब्दुल खानका अनुसार कार्यदलमा रहेका सदस्यले राष्ट्रपति निर्वाचनमा आआफ्नो पार्टीको जिम्मा लिनुपर्नेछ। 'राष्ट्रपति निर्वाचनमा सबै दलले आ-आफ्नो पार्टीको निर्णय लिनुपर्ने नै कार्यदलको मुख्य कार्यभार हो' खानले भनेका छन्। गोप्य मतदान हुने भएकाले राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा उम्मेदवारहरुले अर्को पक्षको उम्मेदवारलाई मतदान गर्न सक्ने आंकलन र त्रासआठ दलीय गठबन्धनमा रहेका दलहरुमा देखिन्छ। यही आशंका र त्रासका कारण कार्यदल नै बनाएर अगाडि बढ्ने निर्णय भएको हो।

राष्ट्रपति पदका लागि आठ दलको समर्थनमा रामचन्द्र पौडेल र एमालेका तर्फबाट सुवासचन्द्र नेम्वाङ उम्मेदवार छन्।

जसपा नेता राजेन्द्र श्रेष्ठका अनुसार राष्ट्रपति निर्वाचनमा मिलेर अगाडि बढ्ने सन्दर्भमा निर्वाचन प्रचार कार्यक्रम कसरी व्यवस्थित गर्ने भन्ने विषयमा समेत केही समझदारी भएको छ। 'राष्ट्रपतिको निर्वाचनलाई तयारी गर्नका लागि 'फोकल कमिटी' गठन गर्ने निर्णय भयो। श्रेष्ठले भने।

उनका अनुसार राष्ट्रपति निर्वाचनको प्रचारप्रसारका सन्दर्भमा १८ फागुनमा आठै दलका संघीय सांसदहरूको बीचमा बैठक र छलफल गर्ने निर्णय भएको छ। १९ गते प्रत्येक प्रदेशहरूमा कार्यक्रम गर्ने र त्यसका लागि नेताहरू पठाउने निर्णय भएको छ। फागुन २३ गते सबै प्रदेशसभाका सांसदहरूलाई काठमाडौं बोलाइसक्ने र २४ गते सबै प्रमुख नेताहरूले सबै सांसदहरूसमक्ष आफ्ना धारणा राख्ने समझदारी भएको छ।

आइतबारको बैठकमा भएका विषयलाई आफ्ना दलका सांसदहरूसम्म पुऱ्याउनका लागि सबै दलहरूले यसबीचमा संसदीय दलको बैठक राख्ने र छलफल गर्ने समझदारी पनि भएको नेताहरुले जानकारी दिए।

राष्ट्रपतिको निर्वाचन फागुन २५ गते हुँदैछ। चैत ३ गते उपराष्ट्रपतिको निर्वाचन हुने कार्यतालिका छ।

## मेलम्ची...

बल्खु, कालिमाटी लगायतका स्थानमा खानेपानी चुहावटका कारण खाल्डा पर्नथालेका छन्। त्यस्तै, नख्खुबाट भैँसेपाटी सडक, सातदोबाटो-गोदावरी सडक, चावहिल-साँखु र भक्तपुर गरी निर्माणाधीन वा भर्खर कालोपत्र भएका सडकमा समेत आयोजनाको कारण क्षति पुगेको छ।

'आज एक ठाउँमा चुहावट देखिएर बनाउँदा अर्को दिन अर्को ठाउँमा समस्या देखिइरहेको छ। कतै सडकमै पाइपमा त कतै घरघरसम्म जाने पाइपमा समस्या देखिरहेको छ' आयोजनाका सूचना अधिकारी महानन्द जोशीले भने। उनले खानेपानीले मात्रै नभई विद्युत्को तार अण्डरग्राउण्ड गर्ने कार्यले पनि सडक भत्किएको दाबी गरेका छन्।

यता सडक डिभिजनले हेरिरहेको सडकमध्ये ९० प्रतिशत स्थानमा खाल्डाखुल्डी टालिसकिएको दाबी गरेको छ। 'देखेसम्म काम भइरहेको छ, तर पानी र चुहावटले कति खाल्डा हुन्छन् भन्ने थाहा हुँदैन' सडक डिभिजन कार्यालयका सूचना अधिकारी सुमित केसी बताए। विसं २०७८ असार पहिलो साता आएको बाढीबाट आयोजनामा ठूलो क्षति पुगेको थियो। तत्पश्चात् पुननिर्माण गरेर पानी काठमाडौं भित्रिएपनि सडक बिग्रने, पानी अनियमितत हुने र सर्वसाधारणले भोग्नुपर्ने सास्तीमा भने कमी आएको छैन।

मेलम्चीको पानी काठमाडौं उपत्यकासम्म ल्याउन ३५ अर्बभन्दा बढी खर्च भएको छ। त्यसमा ३३ प्रतिशत नेपाल सरकार, ४६ प्रतिशत एसियाली विकास बैंक र अन्य दातृ निकायको सहयोग रहेको छ। कुल रकममध्ये १ अर्ब १२ करोड मुआब्जाका लागि वितरण गरिएको थियो। तर, लामो प्रयासपछि उपत्यकामा आएको पानीले काठमाडौंवासीको तिर्खा अझै मेट्न सकेको छैन भने खानेपानी आयोजना व्यवस्थित हुन नसक्दा सर्वसाधारणले थप समस्या भोग्नुपरेको छ।

## वैदेशिक...

व्यावसायिक भई विदेश गएर बिचल्लीमा परेका दाजुभाइलाई अभिभावकत्व प्रदान गरेको खण्डमा युट्युबरहरू आफैं सेलाएर जाने बताए।

आफूले विगतमा संख्या सयलगायत वैदेशिक रोजगार व्यवसायीका समस्या समाधानका लागि काम गरेको र भविष्यमा पनि नीतिगत तथा व्यवहारिक समस्या समाधानका लागि पूर्णरूपमा साथ दिन तयार रहेको भन्दै नेता बस्नेतले व्यवसायीहरूलाई बलियो राजनीतिक शक्ति निर्माण गर्न पार्टीको संगठनमा आवद्ध हुन आग्रह गरे।

यस्तै कार्यक्रममा नेकपा एमालेकी केन्द्रीय सदस्य तथा पार्टी जनसंगठन उपप्रमुख, बागमती प्रदेशकी निवर्तमान मन्त्री रचना खड्काले वैदेशिक रोजगारलाई समाजमा सम्मानयोग्य बनाउन मञ्चले भूमिका खेल्नुपर्ने र संघको नवनिर्वाचित कार्यसमितिले त्यसमा काम गर्नुपर्ने सुझाव दिइन्।

पहिलो र दोस्रो विश्वयुद्धको लडाइँमा गएका नेपालीले रेमिट्यान्समार्फत भित्र्याएको करिब २६ अर्ब रूपैयाँले २००७ सालमा शासन नै परिवर्तन गरेको इतिहास उल्लेख गर्दै खड्काले हाल रेमिट्यान्समार्फत आएको रकमले नेपालका डाँडाकाँडा आर्थिकरूपमा गुल्जार भएपनि सामाजिक पाटो र आर्थिक परनिर्भरताको विषयलाई नजरअन्दाज गरेर अघि बढ्न नसक्ने अवस्थामा नेपाली समाज पुगेको बताइन्। नेपालमा आउने रेमिट्यान्स उत्पादनमुलक क्षेत्रमा लगाउन संघको नवनिर्वाचित कार्यसमितिले ध्यान दिनुपर्ने सुझाव दिँदै खड्काले रेमिट्यान्समार्फत वैदेशिक रोजगारले सरकारलाई ठूलो राहत दिएको अवस्थामा व्यवसायीका समस्या पनि समाधान हुनुपर्ने मान्यतामा आफू रहेको उल्लेख गरिन्।

मञ्चका संस्थापक अध्यक्ष सरोजकुमार पोखरेलले वैदेशिक रोजगार व्यवसाय र व्यवसायीले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिएको अवस्थामा अनधिकृत युट्युबर वा अन्य पक्षले व्यवसायीमाथि आक्रमण गर्दा सरकारले विज्ञप्ति जारी गरेर मात्रै नहुने भन्दै सरकारले उनीहरूलाई कारबाही गर्नुपर्ने माग गरे। अनधिकृत युट्यबरविरूद्ध खबरदारी गरेर संघले व्यवसायीलाई काम गर्ने वातावरण बनाएकोमा संघको सराहना गर्दै संस्थापक अध्यक्ष पोखरेलले संघले अराजकताविरूद्धको खबरदारीलाई निरन्तरता दिनुपर्ने सुझाव दिए।

संघको नवनिर्वाचित कार्यसमितिसामु समाधान गर्नुपर्ने धेरै विषय रहेको भन्दै पोखरेलले राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा प्रविधिको क्षेत्रमा उल्लेख्य परिवर्तन भएपनि नेपालका वैदेशिक रोजगार व्यवसायी १५ वर्ष पुरानो असान्दर्भिक भइसकेको कानुनबाट प्रसाशित हुनुपर्ने बिडम्बनापूर्ण अवस्था रहेकाले त्यसको परिवर्तनका लागि संघले पहल गर्नुपर्ने बताए।

वैदेशिक रोजगारमा कामदार नपठाउने वा वैदेशिक रोजगारलाई नियन्त्रण गर्ने सोचले कसैको हित नगर्ने दाबी गर्दै उनले भने, 'मजदुर पठाउँदैनौं भनेका कारणले श्रीलंका र पाकिस्तान आर्थिकरूपमा तहसनहस भए, यसलाई बुझेर नीति निर्माण गर्न जरुरी छ, संघको नवनिर्वाचित कार्यसमितिको यसतर्फ पनि गम्भीररूपमा ध्यान जान जरुरी छ।'

संघका अध्यक्ष राजेन्द्र भण्डारीले सेवा शुल्क परिमार्जन व्यवसायीको पहिलो एजेण्डा भएकाले कामदारले पाउने एक महिनाको तलब बराबरको रकम सेवा शुल्क लिन पाउने व्यवस्थाका लागि सरकारी पक्षलाई दबाब दिने बताए। अध्यक्ष भण्डारीले देशको अर्थतन्त्रमा ३० प्रतिशत योगदान दिने व्यवसायी समाजको केन्द्रमा हुनुपर्नेमा नकारात्मक अवस्थामा हुनु दुखद भएको बताए।

वैदेशिक रोजगार ऐन २०६४ नियन्त्रणमुखी रहेकाले त्यसको संशोधन नगरेसम्म वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्याको वास्तविक समाधान नहुने भन्दै अध्यक्ष भण्डारीले ऐनमा इजाजतपत्र नवीकरण गर्न वार्षिक सय जना कामदार पठाउनुपर्ने व्यवस्था परिमार्जन गरिनुपर्ने संघको अडान रहेको उल्लेख गरे।

उनले वैदेशिक रोजगारमा गएका कामदारमध्ये समस्यामा पर्ने कामदारको संख्या अत्यन्तै न्यून रहेको अवस्थामा पनि केही गैरसरकारी संस्थाले व्यवसायीप्रति पूर्वाग्रह राखेकाले ती सबै विषयलाई चिर्दै अगाडि बढ्ने बताए।

संघका महासचिव मेघनाथ भुर्तेलले निर्वाचित भएको छोटो अवधिमा संघको कार्यालय व्यवस्थापन, दैनिक कार्यसम्पादन, भवन निर्माणको गृहकार्य, संख्या सय समस्या समाधानको लागि पहल अघि बढाइएको जानकारी दिए। महासचिव भुर्तेलले भूकम्प, कोरोना संक्रमण तथा आर्थिक मन्दीको प्रतिकुल अवस्थामा रेमिट्यान्स भित्र्याउन व्यवसायीले दिएको योगदानको राजनीतिक दलहरूबाट जिल्ला जिल्लामा प्रशंसा भएपनि वैदेशिक रोजगारका क्षेत्रमा रहेका समस्या सहीरूपमा सम्बोधन गर्न राजनीतिक दलहरूले इच्छाशक्ति र इमानदारिता नदेखाएको गुनासो गरे। जसका कारण व्यवसायीका समस्या समाधान हुन नसकेको उनको भनाइ थियो।

उनले व्यवसायीका समस्या समाधान गरी व्यवसायलाई सुरक्षित बनाउन दलहरूको भूमिका महत्वपूर्ण रहेको भन्दै दलका नेताहरूबाट समस्याको समाधानका लागि रचनात्मक भूमिकाको अपेक्षा गरिएको बताए।

नेपाल राष्ट्रिय उद्योग व्यवसायी महासंघकी उपाध्यक्ष तथा मञ्चकी पूर्वउपाध्यक्ष सुवर्ण श्रेष्ठले व्यवसायीका दैनिक समस्या समाधान गर्न संघको यसपटकको नेतृत्व कोशेढुंगा सावित होस भन्ने अपेक्षा लिएको बताइन्। मञ्चका अध्यक्ष जनक रावलको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य राख्दै मञ्चका उपाध्यक्ष दलवीर भण्डारीले संघको नवनिर्वाचित कार्यसमितिलाई सफल बनाउन मञ्च दृढ रहेको बताए। उनले नवनिर्वाचित कार्यसमितिले बदलिँदो परिस्थितिअनुसार परिवर्तनको अनुभूति हुने गरी उपलब्धिपूर्ण काम गर्नुपर्ने बताए। कार्यक्रमको सञ्चालन मञ्चका कार्यवाहक महासचिव दिलिप भट्टराईले गरेका थिए।

## सम्पादक...

पोखरेलले टिका र विशेष अतिथि एमाले नेतृ रचना खड्काले खादा लगाएर सम्मान गरेका थिए।

कार्यक्रममा संघका निर्वाचित पदाधिकारी तथा सदस्यसहित वैदेशिक रोजगार पत्रकार समाजका अध्यक्ष एवं रोजगार मिडियाका सम्पादक उद्धवराज भट्टराई, प्रभाव दैनिकका प्रवन्ध निर्देशक कृष्ण कार्की तथा मञ्च कार्यालय सचिव विकाश बस्नेतलाई पनि सम्मान गरिएको थियो।


मलेसियामा रोजगारको अवसर | कम्पनी : THREE CAST (MALAYSIA) SB
शहर: PONTIAN JOHOR

पूर्व स्वीकृत मितिः २०७९/०३/२० चलानी नं.: ६०१८२४९९ LT. No.: 266420 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTORY WORKERS | 53 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन २२ गते (6 March 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले व्यहोर्ने | रु. १,५००/- रोजगारदाताले व्यहोर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

H.M.T. Overseas Pvt. Ltd.
Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9803515104, 9813792179, 9816332223, 9808466028, 9852059287, 9845878321, 9869317171,



यूएईमा NURSE हरूलाई रोजगारको अवसर

कम्पनीः AMERICARE L L C शहर : UAE,ABU DHABI
पूर्व स्वीकृत मितिः २०७९/११/०८ चलानी नं.: ६०१९६८४५ LT. No.: 281369

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nurses | 0 | 22 | सम्बन्धित काममा दक्ष | 4000 | १,४४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Nurse General | 0 | 6 | | 5500 | १,९८,००० | | | | | | | |
| 3. | Filing Clerk | 0 | 12 | | 3000 | १,०८,००० | | | | | | | |
| 4. | Hospital Admissions Clerk | 0 | 2 | | 3000 | १,०८,००० | | | | | | | |
| 5. | Health Care Assistant | 0 | 1 | | 3000 | १,०८,००० | | | | | | | |
| 6. | Telecommunication Assistant. | 0 | 4 | | 3000 | १,०८,००० | | | | | | | |

अन्तर्वार्ता काजीको किचेन, बत्तीसपुतली गौशाला, काठमाडौंमा
मिति २०७९ फागुन १६, १७ र १८ गते (28 February & 1, 2 March 2023) मा हुनेछ।

नोटः नर्सको हकमा PCL NURSE WITH +2 PASS ANY FACULTY, BSC and BN NURSE हुनु पर्नेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Nepal Life Recrutiment Agency Pvt. Ltd.
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal
Tel: 01-4598920, Mobile: 9851076290, 9801076290, 9851107877
E-mail: nepallifera1476.2017@gmail.com



बोदेबर्साइन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बोदेबर्साइन, सप्तरी, मधेश प्रदेश

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७९।११।१५

यस नगरपालिकाको कार्यालयबाट मिति २०७९।०९।२९ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रित पूर्वक पेश हुन आएका बोलपत्रहरु मध्ये मुल्यांकनबाट सारभूत रुपमा न्यूनतम मुल्यांकित प्रभावग्राही देखिएको देहाय बमोजिमका बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र सोही ऐनको दफा ४७ को प्रयोजनको लागि सम्पूर्ण सरोकारवालाहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का आई.डि. नं. | योजनाको नाम | छनौट गरिएका बोलपत्रदाता | स्वीकृत बोलपत्रको रकम (मु.अ. कर सहित) |
|---|---|---|---|---|
| १ | BBMS/NCB/Works/2079/080–05 | कोल्ड स्टोर निर्माण | विश्व वैभव कन्सलटेन्सि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., मध्यपुर ठिमी, भक्तपुर | १,१७,१५,५५४।३० (एक करोड सत्र लाख पन्द्र हजार पाँच सय चौवन्न र पैसा तिस मात्र) |

प्रमुख प्रशासकीय अधिकृत



Sirijangha Rural Municipality
Office of The Rural Municipal Executive
Tellok, Taplejung

Invitation for Online Bids

First Date of publication: 2079/11/15 (27th – Feb. 2023)

1. **Sirijangha Rural Municipality, Tellok, Taplejung** invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding with single stage single envelope procedure.

| SN | Description of Works | Contract Identification No. | Estimate Amount NRs (With VAT) | Bid Security (NRs) | Bid Document Fee | Bid Submission Date | Bid Opening Date | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Of Four(4) Road At Differens Locations Within Sirijangha Rural Municipality, Ward No. 4, Tellok. | NCB/Works/Roads/SRM/08/2079/080 | 20,75,718.18 | 60,000.00 | 3,000.00 | 2079/11/25 09th Mar 2023 Noon 12:00 | 2079/11/25 09th Mar 2023 Noon 13:00 | 90 Days |
| 2 | Construction Of Two(2) Road At Differens Locations Within Sirijangha Rural Municipality, Ward No. 3, Sikaincha. | SQ/Works/Roads/SRM/09/2079/080 | 15,44,373.87 | 45,000.00 | 1,000.00 | 2079/11/25 09th Mar 2023 Noon 12:00 | 2079/11/25 09th Mar 2023 Noon 13:00 | 75 Days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Sirijangha Rural Municipality, Tellok, Taplejung, Facsimile no: 9841710119** or may visit PPMO website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

## बाटो नभएको स्थानमा पुल

# तीन कर्मचारीविरुद्ध भ्रष्टाचार मुद्दा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ फागुन



बाटो नै नभएको स्थानमा व्यक्तिको निजी खेतमा पुल बनाउन अनुमति दिने गण्डकी प्रदेश सरकारका तीन कर्मचारीविरुद्ध भ्रष्टाचार मुद्दा परेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गण्डकी प्रदेश अन्तर्गत गोरखाको गोरखा नगरपालिका वडा नं. ३ जरेवरस्थित दरौदी नदीमाथि तत्काल बाटो नभएको स्थानमा पुल निर्माणमा संलग्न प्रदेश सरकारका तीनजना कर्मचारीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो।

आयोगले गण्डकी प्रदेश सरकार अन्तर्गत भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात मन्त्रालयका तत्कालीन सचिव ईश्वरचन्द्र मरहट्टा, प्रदेश सडक निर्देशनालयका तत्कालीन निमित्त निर्देशक रामकुमार श्रेष्ठ र पूर्वाधार विकास कार्यालय, गोरखाका सिनियर डिभिजनल इन्जिनियर ओमराज ढुङ्गानाविरुद्ध विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको हो।

तत्कालीन सचिव मरहट्टाले दरौदी नदी माथि तत्काल बाटो नभएको स्थानमा पुल राखेर जनताको करको पैसा दुरुपयोग गरेको ठहर हुने आयोगले जनाएको छ। उनले परामर्शदातासँग सम्झौतामा हुँदै नभएको कार्यक्रम विद्यमान कानून विपरीत थप गरेको, पुलको स्थान र नाम परिवर्तन, पुल डिजाईन गराउन स्वीकृत गर्नुका साथै सो दरौदी खोला पुल, जरेवरको निर्माण कार्य गराउन आफैं निर्णय गरी मन्त्रालयस्तरबाट उक्त पुलको छनौट गराई कार्यक्रम तयार गरी प्रदेश सभामा स्वस्कृत गराइ राज्यको सम्पत्ति खर्च गर्न आफ्नो ओहदाको दुरुपयोग गरेको पाइएको आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। आयोगले उनीहरुविरुद्ध पाँच करोड पैतालीस लाख बाउन्न हजार छ सय एकहत्तर रूपैयाँ चौवन्न पैसा बिगो कायम गरी कैद र जरिवानाको मागदाबी गरेको छ।

यस्तै, मन्त्रालय अन्तर्गत प्रदेश सडक निर्देशनालयका तत्कालीन निमित्त निर्देशक श्रेष्ठले सो दरौदी खोला पुल, जरेवरको निर्माण कार्य गराउन बदनियतपूर्वक गुरु योजना, ग्रामीण सडक, शहरी सडक वा कुनै रणनीतिक सडकमा समेत नपर्ने काल्पनिक सडकको नाम दिई जरेवरस्थित दरौदी खोला पुलको डिजाइन गराई सोवापत भुक्तानी गराइ सरकारी सम्पत्ति हिनामिना गरेको कार्य भ्रष्टाचार भएको आयोगको ठहर रहेको विज्ञप्तिमा उल्लेख छ।

साथै पूर्वाधार विकास कार्यालय, गोरखाका सिनियर डिभिजनल इन्जिनियर ओमराज ढुङ्गानाविरुद्ध पनि अख्तियारले आरोपत्र दायर गरेको छ। उनले बदनियतपूर्वक गुरु योजना, ग्रामीण सडक, शहरी सडक वा कुनै रणनीतिक सडकमा समेत नपर्ने काल्पनिक सडकको नाम दिई पुलको एकापट्टि रहेको पहुँचमार्ग सामुदायिक वनक्षेत्रमा कथित पुल निर्माणको नाममा वनको अनुमति वेगर सार्वजनिक वनक्षेत्रको जथाभावी प्रयोग गरी बाटो निर्माण गराई राज्यको सम्पत्ति र वनको नोक्सान गरी सार्वजनिक सम्पत्ति समेत बदनियतपूर्वक हानिनोक्सानी गरेको कार्य भ्रष्टाचारजन्य कसुर भएकोले उनलाई सोही ऐनको प्रावधान बमोजिम सजाय तोक्न मागदावी गरिएको छ।

बाटो नभएको स्थानमा व्यक्तिको निजी धान खेतमा पुल बनाउन अनुमति दिएको समाचार सञ्चार माध्यममा सार्वजनिक भएपछि प्रदेश सरकारको व्यापक आलोचना भएको थियो। बाटो नै नभएको ठाउँमा मोटरेवल पुल बनाएको भन्दै गण्डकी प्रदेशका तत्कालीन मन्त्री रामशरण बस्नेत समेत आलोचित बनेका थिए।

दरौदी नदीमाथि बनेको पुलको एकातर्फ पहरा रहेको छ भने अर्कोतर्फ धान खेत छ। उक्त पुललाई कतैबाट मोटर बाटोले छोएको छैन।

गण्डकी सरकार मातहत पूर्वाधार विकास कार्यालय गोरखाले उक्त पुल बनाउन २०७७ जेठमा २ वर्षभित्र सक्ने गरी ५ करोड ३९ लाख ८० हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो।

पुल बनाउन हिन्दुम एण्ड ठोकर कन्स्ट्रक्सन, गोसाइँकुण्ड र आइएसएनएस निर्माण कम्पनीले जोइन्ट भेन्चरमा ठेक्का पाएका थिए। विवाद भएपछि पुल निर्माण कार्य रोकिएको थियो।

# दिवा खाजामा भ्रष्टाचारको आरोप

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, १४ फागुन

चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ र तराई क्षेत्रमा बालविकासदेखि कक्षा पाँचसम्मका बालबालिकाहरुलाई चामल, खैरो भटमास, आलु पालुङ्गो साग, हरियो धनियाँको पात, सूर्यमुखीको तेल, गहुँको पिठो, चनाको दाल, शखरखण्ड दिवा खाजाको रुपमा खुवाउन नेपाल सरकारले मापदण्ड पुस्तिका बनाएको छ। पश्चिम नवलपरासीको पाल्हीनन्दनका वडा नं ४ स्थित पाल्ही भगवती प्राथमिक विद्यालयले दिवा खाजामा बिस्कुट, अण्डा, चना, मटर र चाउमिन खुवाएर भ्रष्टाचार गरेको अभिभावकहरुले आरोप लगाएका छन्।

पाल्हीनन्दन गाउँपालिका वडा नं ४ स्थित पाल्ही भगवती प्राथमिक विद्यालयमा बालविकासदेखि कक्षा पाँचसम्म पढिरहेका प्रत्येक बालबालिकाहरुलाई चाउमिन बिस्कुट, सुज्जी विद्यालयले दिवा खाजाको रुपमा बाँडेको स्थानीय छोटेलाल पासीले बताए।

'बाल विकासदेखि कक्षा पाँचसम्म पढिरहेका प्रत्येक विद्यार्थीहरुलाई कम्तीमा ५० ग्राम पोषणयुक्त खाजा खुवाउन नेपाल सरकारले बनाएको दिवा खाजाको मापदण्ड विपरीत पाल्ही भगवती प्राथमिक विद्यालयले बालबालिकाहरुलाई दिवा खाजा खुवाएको छ' स्थानीय एवं अभिभावक सैलेन्द्र विश्वकर्माले बताए। उनका अनुसार बालबालिकाको वृद्धि र विकासका लागि पोषणयुक्त खाना खुवाउन लागि १५ रुपैयाँका दरले कम्तीमा ५० ग्राम नेपाल सरकारले बजेट व्यवस्थापन गरेको छ। शिक्षा विज्ञान तथा प्राविधि मन्त्रालय अन्तर्गत रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्थानीय तहमा दिवा खाजाको रकम शसर्त अनुदानमा निकासा हुन्छ। नेपाल सरकारको मापदण्ड विपरीत चाउमिन अण्डा बिस्कुट, खिर, समोसा, पाल्ही भगवती प्राथमिक विद्यालयले बालबालिकाहरुलाई दिवा खाजा खुवाएको छ।



पाल्ही भगवती प्राथमिक विद्यालयका शिक्षकहरुले दिवा खाजाको रुपमा बालबालिकाहरुलाई बिस्कुट बाँडिरहेको अवस्थामा बिस्कुट वितरण नगर्न भनेको ४ नं का वडा अध्यक्ष रवीन्द्र सहानीले बताए। 'हामीहरु अण्डा, चना, मटर, खिर र चाउचाउ पकाएर खुवाउँछौं' दिवाखाजामा पाल्ही भगवती प्राथमिक विद्यालयका प्रधानाध्यापक उदयराज मौर्यले बताए। विद्यालयले दिवा खाजा के-के खुवाएको त्यो सबै रेखदेख गर्नको लागि र सुधार गर्नको लागि विद्यालय व्यवस्थापनले विशेष निगरानी गर्नु पर्ने पाल्हीनन्दन गाउँपालिकाका शिक्षा शाखा अधिकृत प्रमोद यादवले बताए।

**मलेशियामा रोजगार** **Mahmood Security (Malayasia) SDN BHD., Jalan**

पुनः प्रकासित

पूर्व स्वीकृती मिति: २०७९/११/१४ L T. No. 278024 चलानी नं. ६०१९३६२७

| सि. नं. | कामदारको पद | माग संख्या (पु.) | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी | कामदारको छनौट तरीका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guards | 7 | काममा दक्ष | 1500 | ४४,३१५।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | ८ दिन | छ | छ | २ वर्ष | अन्तरवार्ता |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने र नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | नि:शुल्क | कामदार आफैले | कामदार आफैले | नि:शुल्क | नि:शुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसग राख्नुहोला। ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, वानेश्वरमा सम्पर्क राख्नुहोला।

अन्तरवार्ता मिति: २०७९/११/२२ गते (2023 March 06)

Lic. No.: 565/062/063
**NAVAJEEVAN INTERNATIONAL PVT. LTD.**
Tokha-11, Mahadevtar, Kathmandu, Nepal, **Phone No.: 01-4954608, 9841160318**

## खाँडाचक्र नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**मान्म, कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सुचना।

**प्रकाशित मिति : २०७९/११/१५**

प्रस्तुत विषयमा यस आ.व २०७९/०८० मा संघीय सरकारको सशर्त अनुदान बाट प्राप्त बजेट अनुसार यस खाडाँचक्र नगर पालिका अन्तर्गत स्वास्थ्य शाखाको औषधी खरिदका लागि मिति २०७९/१०/१७ गतेको राष्ट्रिय दैनिक **नयाँ पत्रिका**मा प्रकाशित बोलपत्र आह्वान सम्वन्धी सूचना अनुसार तल उल्लेखित ठेक्काका लागि रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मुल्यांकन समितिले मुल्यांकन गर्दा निम्न बोलपत्र न्यूनतम मुल्याकिंत र सारभुतरुपमा प्रभावग्राहि भै स्वीकृतको लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को (पहिलो संशोधन २०७३) दफा २७ उपदफा २ को प्रयोजनको लागि यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आसय पत्रको सूचना प्रकाशित गरिएको छ।

| खरिद नं. | योजनाको नाम | स्विकृत हुने फर्महरुको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| KM/KKT/MS/GOOD/SQ/01/2079/080 | Supply of medicines upto Khandachakra Municipality Kalikot | सरोवर मेडिसिन डिष्ट्रिब्युटर्स, विरेन्द्रनगर-३, सुर्खेत | ५८७९२८।५० |

**नि.प्रमुख प्रशासकिय अधिकृत**

## चिनियाँ नागरिक पक्राउ

**काठमाडौं/मस-** किशोरीलाई दुर्व्यवहार गरेको आरोपमा प्रहरीले चिनियाँ नागरिकलाई पक्राउ गरेको छ। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले उनलाई पक्राउ गरेको हो। कानुनी कारबाहीका लागि ब्यूरोले चिनियाँ नागरिक याङली मिङलाई ललितपुर प्रहरीमा बुझाएको छ। जिल्ला प्रहरी परिसर ललितपुरका प्रहरी उपरीक्षक प्रवीण पोखरेलले उनीमाथि आवश्यक कानुनी कारावाही प्रक्रिया शुरु भएको जानकारी दिए। प्रहरीले ती किशोरीको उद्धार गरेको जनाएको छ।

## भावपूर्ण श्रद्धाञ्जली

जन्म मिति:
वि.स. २००१/०१/०१



स्वर्गारोहण:
वि.स. २०७९/११/०३

**स्वर्गीय लाल बहादुर चन्द**

यस कार्यालयका Client Relation Officer
श्री **राम बहादुर चन्द**का पूजनीय पिता **लाल बहादुर चन्द**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं। साथै यस दु:खद घडीमा सोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वर सँग प्रार्थना गर्दछौं।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.परिवार**
ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक, ललितपुर
CREATING VALUE THROUGH PEOPLE

### बीमालेख हराएको सूचना

यस कम्पनीले जारी गरेको श्री अनिष दुवाल बीमालेख नं. १५४००२१७८ को बीमालेख मिति: २०७९/०५/१५ मा हराएको हुँदा फेला पार्नुहुने महानुभावले निम्न लिखित ठेगानामा उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गर्दछु।

**नेपाल लाईफ इन्स्योरेन्स कं. लि.**
**शाखा कार्यालय काठमाडौं।**
**फोन नं. ४१६९१२९, ४१६९१३०**
**पोष्ट बक्स नं. ११०३०**

### माइग्रेसन सर्टिफिकेट हराएको सूचना

**मिति २०७९-१०-०६ गते बल्खुबाट कालिमाटी जाने क्रममा मेरो निम्न विवरण भएको कक्षा Bachelor को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावहरुले निम्न सम्पर्क नम्बर वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध छ।**

नाम : मनिषा थापा
रजिष्ट्रेसन नं. : ५-२-११०५-१२-२०१३
सिम्बल नं. : ३६३०/०७०

सम्पर्क नं.
९८१३७१८०११/९८०११५८२९८

## ऋण चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना।

**प्रथम पटक प्रकाशन मिति : २०७९/११/१५**

यस संस्थाको तपशीलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागी पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागी यो ३५ दिने सुचना गरिएको छ। उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५,संस्थाको विनियम तथा ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम तपाईको नाममा वा एका घर परिवारको नाममा मालपोत कार्यलयमा दर्ता रहेको चल अचल सम्पति अदालति प्रक्रियाबाट नेपाल सरकारको कानुन बमोजिम रोक्का राखी असुल उपर गर्न संस्था बाध्य हुने व्यहोरा जानकारी गराउँदै। संस्थाको साँवा, व्याज र हर्जाना असुलीको सिलासिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउदछौं। सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचालित कानुन-वमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ।

| क.सं. | ऋणीको तीन पुस्ते विवरण | जमानत दिनेको विवरण |
|---|---|---|
| १ | ऋणी :हरि ओम तिमल्सिना<br>बुबा :टेक प्रसाद तिमल्सिना<br>बाजे :चेतनाथ तिमल्सिना<br>ठेगाना :धर्मस्थली-०७,काठमाडौं। | नाम :सुकन्या गौतम तिमल्सिना<br>श्रीमान् : हरिओम तिमल्सिना<br>स.बाजे :टेक प्रसाद तिमल्सिना<br>ठेगाना :धर्मस्थली-०७, काठमाडौं। |
| २ | ऋणी :सबिना पाण्डे घिमिरे<br>बुबा :खिलराज पाण्डे<br>श्रीमान् :अरुण घिमिरे<br>ठेगाना :धर्मस्थली-०६, काठमाडौं। | नाम :अरुण घिमिरे<br>बुबा :मनोहर घिमिरे<br>बाजे : दुर्गा प्रसाद घिमिरे<br>ठेगाना :धर्मस्थली-०६, काठमाडौं। |
| ३ | ऋणी :सन्तोष अर्याल<br>बुबा :रामबाबु अर्याल<br>बाजे :छविलाल अर्याल<br>ठेगाना :जितपुर-०६,काठमाडौं। | नाम :दिपा अधिकारी<br>बुबा :राम शंकर अधिकारी<br>बाजे :हरि प्रसाद अधिकारी<br>ठेगाना :जितपुर-०६, काठमाडौं। |

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
डिल्लीबजार, काठमाडौं, फोन : ०१-४४३५७७९-०१-४४३४३२०
E-mail : savingbachan@gmail.com, web : www.bachansaving.com.np

## बर्दगोरिया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**मुडा, कैलाली**
**सु.प. प्रदेश, नेपाल**

### बोलपत्रहरुको आशय सम्बन्धी सूचना

**प्रकाशित मिति २०७९/११/१५ गते**

यस बर्दगोरिया गाउपालिका कार्यालयको आ.व. २०७९/०८० अर्न्तगत ठेक्का न. १६/BRM/NCB/२०७९/०८० को Dungiya kada River Training Work, Bardagoriya Rural Municipality, ward no-4, kailali र ठेक्का न. १६/BRM/SQ/G/२०७९/०८० Supply of Water Tank का लागि मिति २०७९/१०/११ र मिति २०७९/१०/२५ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपशिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राहि देखिन आएकोले उल्लेखित बोलपत्रहरुको स्वीकृतका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| ठेक्का न. | निमार्ण फर्म/कम्पनी | कबोल रकम |
|---|---|---|
| १६/BRM/NCB/२०७९/०८० | श्री Shree Mangalasaini Builders and Suppliers | ३६,१२,७२२.५२ (मू.अ.क. सहित) |
| १६ /BRM/SQ/G/२०७९/०८० | श्री Aastha Business Group | ८,०२,३००.०० (मू.अ.क. सहित) |

**प्रमुख प्रशासकिय अधिकृत**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१५ फागुन २०७९, सोमबार
27 February 2023, Monday

## सम्पादकीय

### गुमेको अवसर र आवश्यक नीति

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले परराष्ट्र मन्त्री विमला राई पौड्यालको स्वीट्जरल्याण्ड भ्रमण स्थगित गरिदिएका छन् । परराष्ट्रमन्त्री पौड्याल आइतबार स्वीट्जरल्याण्ड जाने कार्यसूची थियो । त्यहाँ संयुक्त राष्ट्रसंघको मावअधिकार परिषद्को बैठकमा मन्त्री पौड्यालले भाग लिदै थिइन् । मुलुकका निम्ति यो भ्रमण महत्वपूर्ण समेत थियो । किनभने नेपालको मानवअधिकार आयोगलाई घटुवा गरिदिएको छ । त्यो घटुवाबारे नेपालले परिषद्मा कुरा राख्नु आवश्यक विषय नै हो । जुन तयारी परराष्ट्रमन्त्री पौड्यालले गरेकी समेत थिइन् । जेनेभापछि मन्त्री पौड्यालले दोहा जाँदै थिइन् । त्यहाँ प्रधानमन्त्री प्रचण्ड समेत जाँदै थिए । तर दोहामा हुने अतिकम विकसित राष्ट्रहरूको पाँचौं सम्मेलनमा भाग लिने आफ्नो भ्रमण पनि प्रधानमन्त्री प्रचण्डले स्थगित गरेका छन् । आफ्नो भ्रमण स्थगित गर्नुलाई भने प्रधानमन्त्री प्रचण्डले आगामी राष्ट्रपतिको चुनाव भएको तर्क गरेका छन् ।

तर मन्त्री पौड्यालको भ्रमण स्थगित गर्नुको औचित्यबारे प्रधानमन्त्री प्रचण्ड बोलेका छैनन् । सम्भवतः यो भ्रमण स्थगित गरिनुको चित्तबुझ्दो जवाफ प्रधानमन्त्रीसँग नहुन सक्छ । तर मन्त्री पौड्यालको भ्रमण स्थगित हुँदा अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो कुरा राख्ने अवसर मुलुकले गुमाएको छ । नेपाललाई किन 'ख' श्रेणीमा झारिएको थियो र त्यसबाट फेरि बढुवा हुने विकल्पमाथि छलफल हुने अवसर पनि तत्काललाई गुमेको छ । सम्भवतः प्रधानमन्त्री प्रचण्डले मन्त्री पौड्यालको भ्रमण स्थगित गरिएकोबारे सार्वजनिक जवाफ समेत दिने छैनन् । अनुमानको कुरा गर्दा भने एमाले सरकारबाट बाहिरिने परिस्थिति बनेकाले मन्त्री पौड्यालको भ्रमण रोकिएको हुनुपर्छ । किनकि माओवादी केन्द्रले १२ फागुनमा मात्रै गठबन्धन बदलेको छ । त्यसैले एमाले सांसद रहेकी मन्त्री पौड्यालको भ्रमण रोकिएको हुन सक्छ ।

यसरी अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो कुरा राख्ने अवसर गुमाउनुपर्ने कारण भने नेपालको परराष्ट्र नीति प्रष्ट नहुनु हो । सरकार बदलिएपछि नेपालको परराष्ट्र नीति बदलिने प्रवृत्तिकै कारण मन्त्री पौड्याललाई जेनेभा पठाउन प्रधानमन्त्री प्रचण्डले नचाहेको अनुमान लगाउन सकिन्छ । यसअघि पनि यस्ता समस्या बारम्बार देखिने गरेको छ । कतिसम्म भने रूस र युक्रेनबीच चलिरहेको युद्धलाई हेर्ने र आफ्नो पक्ष प्रष्ट पार्नेमा समेत हामी अलमलमा छौं । सरकारको नेतृत्वअनुसार, दृष्टिकोण बन्ने गरेको छ । छिमेकी भारत र चीनबारे समेत मुलुकको नेतृत्व बेलाबेला विवादित बन्ने गरेको छ । जबकी एउटा सार्वभौम मुलुकका निम्ति परराष्ट्र नीति सवैभन्दा बढी आवश्यकीय पक्ष हो । त्यसैले परराष्ट्र नीति प्रष्ट र बलियो हुनु मुलुकसँग प्रत्यक्ष जोडिएको विषय हो । यसबारे सरकारले आवश्यक नीति बनाएमा मुलुकको सरकार परिवर्तनसँग परराष्ट्र सम्बन्धको ठूलो असर पर्नेछैन । यसतर्फ राजनीतिक नेतृत्व सचेत हुन आवश्यक छ ।

# मधेशमा आगलागीको त्रास

*तराई मधेशमा आगलागीका घटना विशेषगरी गोठमा लामखुट्टे भगाउन बालिने धुरबाट लाग्ने गरेको पाइन्छ । घरमा गरिने असुरक्षित र कमजोर वायरिङ्का कारण समेत आगलागीका घटनाहरू बढ्दै गएको देखिएको छ । खाना पकाउने बेला आगो सल्केर आगलागी हुने घटनामा कमी आएपनि धुर र वायरिङ्का कारण आगलागी हुने घटनामा वृद्धि हुँदै गएको अध्ययनले देखाउँछ ।*

अग्रलेख



● राजेश झा

नेपालीमा मुरलीधरको एउटा चर्चित गीत छ, 'उडायो सपना सबै हुरीले' । तर, तराई मधेशका नागरिकको सपना भने हुरीले होइन आगलागीले उडाउन थालेको छ । सामान्य असावधानीका कारण ठूला-ठूला सपना आगोको सानो झिल्काले सकिएको छ ।

सप्तरी जिल्लाको वस्तुस्थितिलाई मात्रै हेर्दा पनि तराई मधेशको अवस्था गम्भीर देखिन्छ । तथ्यांकअनुसार पछिल्लो ११ वर्षमा सप्तरीमा मात्रै ९०४ वटा आगलागीको घटना भएका छन् । जसमा ११ जनाले ज्यान गुमाएका छन् भने २ हजार ९ सय बढीको घर जलेको छ ।

सप्तरीको बोदेबर्साईन नगरपालिका १० खडकपुरका पलानु यादव पछिल्लो घटनाकी एक पीडित हुन् । छोरीको बिहेको सामान जोड्दै गरेकी उनी आगलागीले घर न बासकी भइन् । उनको घरमा लाखौंको क्षति भयो । उनको घरमा विद्युत सर्किटको कारण आगलागी भएको थियो । यस्तै, गत माघको अन्तिम दिन रूपनी गाउँपालिका १ रायपुरमा आगलागीका कारण ठूलो क्षति भयो । अनिल नारायण यादवको घरबाट सुरु भएको आगोले उनीसहित पाँच परिवारको घरसमेत लग्यो ।



उल्लेखित घटना केही उदाहरण मात्रै हुन् । पछिल्लो समय सप्तरी जिल्लामा आगलागीका घटनाहरु अनौठौ गरी बढ्दै गएका छन् । माघको अन्तिम साता र फागुनको तेस्रो साता नबित्दै सप्तरीमा मात्रै दुई दर्जन बढी घरमा आगलागी भएको छ ।

राष्ट्रिय तथ्यांकलाई हेर्दा, प्रत्येक वर्ष नेपालमा आगलागी र डढेलोबाट ८० जनाले ज्यान गुमाउने गरेका छन् । नेपाल सरकारको विपद् महाशाखाको तथ्यांकअनुसार पछिल्लो एक सातामा मात्रै मुलुकभर ६७ वटा आगलागी र ११ वटा डढेलो लागेको घटना छ ।

तराई मधेशमा आगलागीका घटना विशेषगरी गोठमा लामखुट्टे भगाउन बालिने धुरबाट लाग्ने गरेको पाइन्छ । घरमा गरिने असुरक्षित र कमजोर वायरिङका कारण समेत आगलागीका घटनाहरु बढ्दै गएको देखिएको छ । खाना पकाउने बेला आगो सल्केर आगलागी हुने घटनामा कमी आएपनि धुर र वायरिङका कारण आगलागी हुने घटनामा वृद्धि हुँदै गएको अध्ययनले देखाउँछ ।

